अनुसूची-१

दफा ३ को उप-दफा १ सँग सम्बन्धित

गाउँ/नगर पालिकास्तर अर्गानिक कृषि कार्यक्रम समन्वय समिति गठन तथा काम कर्तव्य र अधिकार

१. गाउँ/नगर पालिकास्तर अर्गानिक कृषि कार्यक्रम समन्वय समिति :

| | |
|---|---|
| सम्बन्धित गाउँ/नगर पालिका अध्यक्ष /प्रमुख | – अध्यक्ष |
| सम्बन्धित गाउँ/नगर पालिकाको कृषि हेर्ने कार्यापालिका सदस्य–सदस्य | |
| कृषि शाखा हर्ने प्रमुख | –सदस्य |
| पशुपक्षिं विकास शाखा प्रमुख | –सदस्य |
| स्थानीय तहमा कार्यरत संघसस्थाको प्रतिनिधि १ जना | –सदस्य |
| अगुवा कृषक प्रतिनिधि १ जना | –सदस्य |
| कृषि सहकारी प्रतिनिधि | –सदस्य |
| निजी फर्म प्रतिनिधि १ जना | –सदस्य |
| सम्बन्धित ज्ञान केन्द्र प्रमूख वा निजले तोकेको प्रतिनिधि | –सदस्य |
| एग्रोभेट प्रतिनिधि १ जना | - सदस्य |
| कार्यकारी अधिकृत | –सदस्य सचिव |

नोट – समितिको बैठक वर्षमा कम्तिमा ३ पटक बस्नेछ र समितिले आवश्यकता अनुसार बैठकमा अर्गानिक कृषि विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२. काम कर्तव्य र अधिकार:

(क) अर्गानिक कृषि कार्यक्रम संचालन र अर्गानिक कृषि प्रवर्द्धनको लागि समन्वयको रुपमा काम गर्ने ।

(ख) समग्र गाउँ/नगर पालिकाको अर्गानिक कृषिको अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजना निर्माण गर्न सुझाव दिने ।

(ग) कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरु, सेवाप्रदायकहरु समन्वय सहकार्य गर्ने ।

(घ) समग्र गाउँ/नगर पालिकाका अर्गानिक कृषि कार्यक्रमको अनुगमन, सुपरिवेक्षण गर्ने ।

(ङ) रासायनिक मल र रसायनिक विषादिको नियन्त्रण र नियमन गर्ने ।

(च) कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तथा प्रदेश भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय संग समन्वय र सहकार्य गर्ने ।

उपसचिव सचिव मन्त्री

अनुसूची-२

दफा ३ को उप-दफा २ सँग सम्बन्धित

## वडास्तरिय अर्गानिक कृषि कार्यक्रम समन्वय समिति तथा काम कर्तव्य र अधिकार

१. वडास्तरिय अर्गानिक कृषि कार्यक्रम समन्वय समितिः

| | |
|---|---|
| सम्बन्धित वडा अध्यक्ष | – अध्यक्ष |
| स्थानीय तहमा कार्यरत संघसस्थाको प्रतिनिधि १ जना | –सदस्य |
| अगुवा कृषक प्रतिनिधि १ जना | –सदस्य |
| कृषि सहकारीप्रतिनिधि २ जना | –सदस्य |
| फर्म प्रतिनिधि १ जना | –सदस्य |
| शिक्षक प्रतिनिधि १ जना | –सदस्य |
| कृषि प्राविधिक/कृषि विज्ञ | –सदस्य |
| वडा सचिव वा वडाध्यक्षले तोकेको कर्मचारी | -सदस्य सचिव |

नोट – समितिको बैठक वर्षमा कम्तिमा ३ पटक बस्नेछ र समितिले आवश्यकता अनुसार बैठकमा अर्गानिक कृषि विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२. काम कर्तव्य र अधिकारः

(क) अर्गानिक कृषि कार्यक्रम संचालन र अर्गानिक कृषि प्रवर्द्धनको लागि वडास्तरको समन्वयको रुपमा काम गर्ने ।

(ख) वडास्तरको अर्गानिक कृषिको अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन कार्यक्रम र योजना निर्माण गरि वार्षिक कार्यक्रममा समावेश गर्न गाउँ/नगर पालिकामा सुझाव पेश गर्ने ।

(ग) कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरु, सेवाप्रदायकहरु समन्वय सहकार्य गर्ने।

(घ) वडास्तरको अर्गानिक कृषि कार्यक्रमको अनुगमन, सुपरिवेक्षण गर्ने ।

(ङ) रासायनिक मल र रसायनिक विषादिको नियन्त्रण र नियमन गर्ने ।

(च) गाउँ/नगरपालिकाकासंग समन्वय र सहकार्य गर्ने ।

उपसचिव

सचिव

मा.विमला के.सी.
मन्त्री

## स्व–घोषणा पत्र

कृपया (□ ✓) चिन्ह लगाउनु होस् )

| | |
|---|---|
| हाम्रो संस्था कुनै राजनीतिक संघ–संगठन, विदेशी वा सरकारी स्वामित्वमा रहेका संस्थान वा धार्मिक समूह होईन । | |
| हाम्रो संस्था वा अनुदान उपभोग गर्ने संस्थाका सदस्यहरु वा संस्थाबाट सञ्चालित व्यवसाय नेपाल वा अन्य कुनै देशको नियम–कानूनद्वारा मुद्दा–मामिलामा संलग्न रहेको छैन । | |
| हामी कारोबारमा टाट पल्टेको वा व्यवसायमा क्षतीग्रस्त भएको वा हाम्रो मामिला अदालतको अधिनस्थ रहेको वा साहुहरु बीच विवाद रहेको वा हाम्रो कारोबार कुनै पनि निकायद्वारा रोक्का गरिएको छैन । | |
| हामी व्यवसायिक आचरणमा आरोपित, जालसाजी गरेको, भ्रष्टाचारी ठहरिएको, अपराधिक समूह वा क्रियाकलापमा संलग्न भई गैर–जमानती वारेन्टमा रहेका छैनौ । | |
| हामी कुनै गम्भीर एवं नकारात्मक प्रकृतिको पेशामा संलग्न रहेका छैनौ । | |
| हामीले कर तथा सामाजिक सुरक्षाको योगदानमा प्रचलित कानुन बमोजिम दायित्व पूरा गरेका छौं । | |
| हामी कार्यक्रमको खरीद तथा अनुदान प्रकृयाको शर्तहरुको पूर्ण पालना गर्न सहमत छौं । | |
| हामी आवेदन मूल्याङ्कन प्रकृयामा कुनै पनि कर्मचारीलाई प्रभावित गर्ने छैनौ । | |
| हामीले यस व्यवसायका लागि अन्य कुनै श्रोतबाट अनुदान प्राप्त गरेका छैनौ । | |
| हामीरसायनिक विषादि र रसायनिक मलको प्रयोग गर्ने छैनौ । | |

माथि उल्लेखित विवरण वा जानकारी गलत प्रमाणित भएमा प्रचलित नियम कानुन अनुसार कारवाहीको भागीदार बन्ने स्व–घोषणा गर्दछौं ।

नामथरः

पदः

संस्थाको नामः

संस्थाको छापः

उपसचिव

सचिव

विमला के.सी.
मन्त्री

